लेटाङ नगरपालिका

# स्थानीय राजपत्र

खण्ड : ७ संख्या : ६ मिति : २०८०-०८-०१

(भाग —२)

## लेटाङ नगरपालिका

### लेटाङ नगरपालिका पिक अप भ्यान (सञ्चालन तथा व्यवस्थापन) मापदण्ड २०८०

# लेटाङ नगरपालिकाको पिक अप भ्यान (सञ्चलन तथा व्यवस्थापन) मापदण्ड, २०८०

**कार्यपालिकाबाट स्वीकृत मितिः २०८०/०७/२४**

**प्रमाणीकरण मितिः २०८०-०८-०१**

लेटाङ नगरपालिकाद्वारा नगरवासी बाख्रापालक किसान वा बाख्रापालक किसान समुहले उत्पादन गरेको बाख्रा बजारसम्म ढुवानि गर्न सहुलियतकालागि खरिद भएको पिक अप भ्यान सञ्चालन एवम् व्यवस्थित गर्न आवश्यक भएकोले लेटाङ नगरपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन २०७६ को दफा (४) ले दिएको अधिकार प्रयोग गरी नगर कार्यपालिकाको बैठकद्वारा पिक अप भ्यान (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि स्वीकृत गरी जारी गरेको छ।

## परिच्छेद-एक
## संक्षिप्त नाम र प्रारम्भ

**१.संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम लेटाङ नगरपालिकाको पिक अप भ्यान सञ्चालन तथा व्यवस्थापन कार्यविधि,२०८० रहेको छ ।

(२) यो कार्यविधि नगर कार्यपालिकाबाट स्वीकृत भइ प्रमाणिकरण भएको मितिदेखि प्रारम्भ हुनेछ ।

(३) यो कार्यविधि लेटाङ नगरपालिका क्षेत्रभित्र लागू हुनेछ ।

**२. विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,**

(१) "उप प्रमुख" भन्नाले लेटाङ नगरपालिकाको निर्वाचित उप प्रमुखलाइ सम्झनु पर्छ,

(२) "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन २०७४ लाइ सम्झनु पर्छ,

(३) "किसान" भन्नाले व्यवसायिक रुपमा बाख्रा पालन गर्ने व्यक्ति वा समुह वा समिति वा कृषी सहकारीलाई सम्झनु पर्छ,

(४) "नगरपालिका" भन्नाले लेटाङ नगरपालिकालाइ सम्झनु पर्छ,

(५) "नगर प्रमुख" भन्नाले लेटाङ नगरपालिकाको प्रमुखलाई सम्झनु पर्छ,

(६) "पिक अप भ्यान" भन्नाले नगरपालिकाले बाख्रा ढुवानी गर्न प्रयोगमा ल्याएको सवारी साधन सम्झनु पर्छ।

(७) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले लेटाङ नगरपालिकामा प्रमुख प्रशासकीय अधिकृतको कामकाज गर्न तोकिएको अधिकृत कर्मचारीलाई सम्झनु पर्छ,

(८) "बाख्रा" भन्नाले भाले र पोथी जातको बाख्रालाई सम्झनु पर्छ र सो शब्दले पाठापाठी समेतलाई जनाउछ।

(९) "बाख्रा बजार" भन्नाले लेटाङ नगरपालिका क्षेत्रमा पहिलेदेखि बाख्रा किनबेच गर्न तोकिएको स्थानीय क्षेत्रहरूलाई सम्झनु पर्छ।

## परिच्छेद -दुई

## पिक अप भ्यान सम्बन्धी व्यवस्था

३. पिक अप भ्यानको व्यवस्थाः (१)लेटाङ नगरपालिकाद्वारा बाख्रा बिक्री गर्न खोर वा गाउँदेखि तोकिएको स्थानहरूमा ढुवानी गर्न किसानलाई सहुलियत सुविधा दिन नगरपालिकामा रहेको एक पिक अप भ्यान सञ्चालनमा ल्याउनेछ।

(२) भ्यान नगरपालिकाको संरक्षणमा रहने छ।

(३) भ्यानको मर्मत सम्भार र सञ्चालन यस कार्यविधिअनुसार नगरपालिकाले गर्नेछ।

४. पिक अप भ्यानको प्रयोगः (१)नगरपालिकाद्वारा सञ्चालित पिक अप भ्यानलाई लेटाङ नगर क्षेत्रभित्रका देहायका स्थानमा बाख्रा बिक्री गर्ने प्रयोजनका लागि ढुवानी कार्यमा प्रयोग गर्न सकिनेछ।

(क)बाख्रापालक किसानको घर नजिकको सडकदेखि लेटाङ वडा नं ३ बाख्रा हटिया बजार लगाउन तोकिएको स्थानसम्म।

(ख) बाख्रापालक किसानको घर नजिकको सडकदेखि वडा नं २ बुधबारेको बाख्रा हाट बजार लगाउन तोकिएको स्थानसम्म।

(ग) बाख्रापालक किसानको घर नजिकको सडकदेखि वडा नम्बर ८ जाँतिको बाख्रा हाट बजार लगाउन तोकिएको स्थानसम्म।

तर उन्नत जातका बाख्रा नश्ल सुधार गर्न बिउ प्रयोजनका लागि मात्र नगर क्षेत्र भन्दा बाहिरको स्रोत केन्द्र वा स्वीकृत बाख्रा फर्मबाट तोकिएको शुल्क तिरी ल्याउनको लागि किसानले माग गरेमा समितिको अनुमति लिइ प्रयोग गर्न बाधा पर्ने छैन।

(२) उपदफा ४(१) मा जुनसुकै कुरा लेखिए तापनि नगरक्षेत्रभित्र तोकिएको बाख्रा हाट बजारमा बाख्रा बिक्री गर्ने प्रयोजनका लागि पिक अप भ्यानबाट ढुवानी गर्न किसानको बाख्रा न्युनतम १० वटा हुनुपर्दछ।किसानले यो सर्तको पालना नगरेमा झुटा विवरण दिए सरह जरीवाना हुनेछ।

(३) नगरपालिकाले पिक अप भ्यानको सेवा सञ्चालन गर्दा पहिलो आउनेलाई पहिलो सेवा (First come first Service) प्रदान गर्नेछ।

(४) नगरपालिकाले आवश्यकता र औचित्यको आधारमा पिक अप भ्यानको सञ्चालन तथा व्यवस्थापन अन्य प्रयोजनको लागि पनि प्रयोग गर्न बाधा पर्नेछैन।

(५) पिक अप भ्यान प्रयोगको लगबुक अन्य सरकारी सवारी साधनको जस्तै ढाँचामा राख्नुपर्नेछ।

(६) नगरपालिकाले भ्यान सञ्चालनका लागि चालक, इन्धन र मर्मत सम्भारको आवश्यक प्रवन्ध गर्नुपर्नेछ।

## परिच्छेद —तीन
## शुल्क सम्बन्धी व्यवस्था

५. पिक अप भ्यान प्रयोग शुल्कः (१)पिक अप भ्यान प्रयोगको आधारमा देहाय बमोजिम शुल्क लिइ सेवा दिने व्यवस्था गरिनेछ। तोकिएको शुल्क नगरपालिकाको सञ्चितकोषमा जम्मा गर्नुपर्नेछ।

| क्र.सं. | स्थान तथा दुरी | शुल्क |
|---|---|---|
| १ | (० देखि ३ कि मि सम्म) प्रति गोटा | रु.५०।- |
| २ | ( ३ कि मि भन्दा माथि देखि ५ कि मि सम्म ) प्रति गोटा | रु.८० |
| ३ | ( ५ कि मि भन्दा माथि देखि १० कि मि सम्म ) प्रति गोटा | रु.१०० |
| ४ | ( १० कि मि भन्दा देखि १५ कि मि सम्म ) प्रति गोटा | रु. १२५ |
| ५ | ( १५ कि मि देखि २० कि मि सम्म ) प्रति गोटा | रु. १५० |
| ६ | ( २० कि मि देखि २५ कि मि सम्म ) प्रति गोटा | रु. २०० |
| ७ | ( २५ कि मि देखि माथि जतिसुकै कि मिको सवारी पिक अप भ्यान जाने ठाउँ ) प्रति गोटा | रु.२५० |
| ८ | नगर क्षेत्र भन्दा बाहिरबाट विउको लागि ढुवानि गर्दा किसानको घरसम्म ( १०० कि. मि भित्र ) एकमुष्ट | रु ४००० |
| ९ | नगर क्षेत्र भन्दा बाहिरबाट विउको लागि ढुवानि गर्दा किसानको घरसम्म ( १०० कि.मि भन्दा बढी भएमा ) प्रति दिन | रु ५००० |

## परिच्छेद — चार

## सेवा उपल्बध हुन नसक्ने अवस्था

६.**सेवा उपल्बध गर्न नसकिने अवस्थाका शर्तहरु** (१) यस कार्यविधिको दफा ४ मा तोकिएको बाहेकको क्षेत्र र अवस्था भएमा,

(२) गाडी मर्मत सम्भारका लागि ग्यारेज गएको अवस्था वा मर्मत गर्नुपर्ने भएमा,

(३) पहिलो आउनेलाई सेवा प्रदान गर्ने विधि बमोजिम गाडी अन्यत्र बुक भई प्रयोग भैइ रहेको अवस्था भएमा,

(४) कार्यालय समय भित्र बुक नगरेमा,

(५) कार्यालयले आवश्यक काममा पहिले नै तोकिए र उक्त दिन सम्म काममा प्रयोग भईरहेको अवस्थामा,

(६) सवारी चालक विदा स्वीकृत गरी बिदामा बसेको अवस्थामा,

(७) विपद तथा संकटको अवस्थामा,

## परिच्छेद — पाँच

## पिक अप भ्यान सेवा लिने किसान

७. देहायका किसानहरूलाई नगरपालिकाले यस कार्यविधि बमोजिमको सेवा दिन योग्य मानिनेछ।

(१) नगरपालिकामा दर्ता वा सूचिकृत भई प्रमाणपत्र प्राप्त किसान वा किसान समूह,

(२) प्रमाणपत्र नविकरण अध्यावधिक रहेको,

(३) यस नगरपालिकाको स्थायी बासिन्दा,

(४) नगरपालिकामा कालो सूचीमा नपरेको,

(५) बाख्रापालन गरी बाख्रा उत्पादन संलग्न रहेको,

८. **पिक अप भ्यान सेवा सञ्चालन तथा व्यवस्थापन निर्देशक समितिः** (१) नगरपालिकामा रहेको पिकभ्यान व्यवस्थित, विश्वसनीय र प्रभावकारी प्रयोगको व्यवस्था मिलाउन तपसिल बमोजिमको निर्देशक समिति रहनेछः

| | |
|---|---|
| (क) नगर प्रमुख | संयोजक |
| (ख) नगर उप प्रमुख | सदस्य |
| (ग) प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| (घ) पशुपन्क्षी विकास शाखा प्रमुख | सदस्य |
| (ङ) जिन्सी उपशाखा प्रमुख | सदस्य सचिव |

(२) समितिको काम कर्तव्य र अधिकार देहायअनुसार हुनेछ।

(क) पिक अप भ्यान सञ्चालनको व्यवस्थानप गर्न मापदण्ड कार्यान्वयन,

(ख) मापदण्ड संशोधन गर्न नगरकार्यपालिकामा सिफारिस गर्ने,

(ग) कार्यविधिमा तोकिएको क्षेत्र बाहिर पठाउनै पर्ने भएमा शुल्क तोक्ने,

(घ) बाख्रा पालन गर्ने किसानको आवश्यकता अनुसार विक्रि वितरण एवम् बजार प्रवर्धनमा सहजीकरण गर्ने,

(ङ) बाख्रापालक किसानको हितमा प्रयोग भए नभएको अनुगमन गरी दुरूपयोग हुन नदिने,

(३) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ।

## परिच्छेद — छ
## कसुर, दण्ड र जरिवाना

**९. नियम विपरित कार्यः** (१) यस बार्यविधि अनुसार सेवा प्रवाहा र सेवाग्राहीले देहायको कार्य गरेमा कसूर गरेको मानि सजाय यस दफा बमोजिम नगरकार्यपालिकाले दण्ड र जरिवाना गर्न सक्नेछ।

(क) गलत विवरण दिएर पिकअप भ्यान सञ्चालन र प्रयोग गरेमा,

(ख) किसानबाहेक अन्य व्यापरीले सङ्कलन गरेको बाख्रा ओसारपसार गरेमा,

(ग) तोकिएको स्थानबाहेक अन्य स्थानमा प्रयोग गरेमा,

(घ) तोकिएको न्यूनतम सङ्ख्या भन्दा कम सङ्ख्याको बाख्रा ढुवानी गरे वा गराएमा,

(ङ) पिकअप भ्यान सञ्चालन हुन नसक्ने स्थानमा लैजान दवाव दिएमा,

(च) यस कार्यविधिमा तोकिएको शुल्क नबुझाएमा,

(छ) बाख्रा ढुवानीका क्रममा बाख्राको साथमा एकजना भन्दा बढी मान्छे भ्यानमा चढेमा,

(ज) नेपाल सरकारको ट्राफिक नियमको उल्लङ्घन हुने जुनसुकै काम गरेमा,

(झ) मादक पदार्थ सेवन गरी पिकअपभ्यान सञ्चालन गरेमा,

(ञ) जवरजस्ति, धम्काउने तथा कानून विपरित मानिने काम गरेमा,

(२) उपदफा (१) बमोजिमको कार्य गरेको आधार प्रमाणका आधारमा नगरकार्यपालिकाले किसानलाई कालोसूचिमा राख्ने, कर्मचारीलाई सेवाबाट हटाउने र नगद रू ५००० देखि ५०००० सम्म वा दुबै जरिवाना गर्न सक्नेछ।

(३) उपदफा (१) बमोजिम कसुर गरे नगरेको सफाई पेश गर्ने मौका प्रदान गरिनेछ। तोकिएको समयमा चित्तबुझ्दो जवाफ नआएमा वा पर्याप्त प्रमाण प्राप्त भएमा कार्यालिकाले सजाय तोकी प्रमुख प्रशासकीय अधिकृतमार्फत असुल गरी कोषमा जम्मा गर्न लगाउनेछ।

## परिच्छेद — सात
## विविध

**१०.समिक्षा एवं प्रगति प्रतिवेदन सम्बन्धी व्यवस्थाः** (१) समितिले पिक अप भ्यान सञ्चालन तथा व्यवस्थापन सम्बन्धी क्रियाकलापहरूको समीक्षा गरी नगरपालिका समक्षा प्रतिवेदन पेश गर्नु पर्नेछ।

**११.खारेजी र बचाउः** (१) यस निर्देशिकामा उल्लेख भएका कुराहरू यसै बमोजिम र अन्य कुराहरू प्रचलित आर्थिक ऐन नियम बमोजिम हुनेछ ।

आज्ञाले
नारायण न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत